# हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड
# काठमाण्डौंको

## सोह्रौं वार्षिक साधारण सभाको
## निर्णय (माइन्युट)

मिति : २०८१/०७/२५ गते आईतबार

स्थान : आम्रपाली ब्याङ्केट
काठमाण्डौं ।

# हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, काठमाण्डौंको
# मिति २०८१/०७/२५ गते आईतबार बसेको
# सोह्रौं वार्षिक साधारण सभाको निर्णय

हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, काठमाण्डौंको २०८१ साल कार्त्तिक २५ गते आईतबारका दिन बोलाइएको कम्पनीको सोह्रौं बार्षिक साधारण सभा आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौंमा संचालक समितिका अध्यक्ष श्री योगेश्वर शर्माज्यूको अध्यक्षतामा बिहान १०:०० बजे शुरु भई देहाय वमोजिमको प्रस्तावहरु उपर छलफल तथा निर्णय गरी सभा सु-सम्पन्न भयो ।

१. **सभाको वैधानिकता :**

कम्पनीको सोह्रौं वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम कुल शेयर संख्याको ७४.१५ प्रतिशत गणपुरक संख्या पुगेको हुँदा सभालाई वैधानिक रुपले अघि वढाउने जानकारी गराईयो ।

२. **सभाको सभापतित्व एवं सभाको समुदघाटनः**

कम्पनीको सोह्रौं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुनको लागि कम्पनीका कम्पनी सचिवले अनुरोध गरे बमोजिम संचालक समितिका अध्यक्ष श्री योगेश्वर शर्माज्यूले सभाको सभापतित्व गर्नु भयो । त्यस पछि संचालकज्यूहरु, नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, पूर्व संचालकज्यूहरु, संस्थापकज्यूहरु र उपस्थीत सम्पूर्ण शेयरधनीहरुलाई आसन ग्रहण गराईयो । साथै राष्ट्रिय गान पस्चात सभालाई औपचारीक रुपमा सुरु गर्न सभाका अध्यक्षज्यूबाट गमलामा रोपिएका विभिन्न फुलका विरुवाहरुमा जलारपण गरी सभाको समुदघाट्न सम्पन्न भयो ।

३. **उपस्थिति :**

साधारण सभामा निम्न संचालकहरु तथा शेयरधनी महानुभावहरुको उपस्थिति थियो ।

३.१ **संचालक महानुभावहरु :**

| | |
|---|---|
| श्री योगेश्वर शर्मा | अध्यक्ष |
| श्री डा.अम्बिका शर्मा लामिछाने | संचालक |
| श्री कुमार पौडेल | संचालक |
| श्री जयराम नेपाल | संचालक |
| श्री शिव सिंह कार्की | संचालक |
| श्री केशव कोईराला | संचालक |

३.२ **पदाधिकारीहरुको उपस्थितिः**

श्री संदिप शाह — प्रमुख कार्यकारी अधिकृत

श्री सुधा अर्याल — उप-प्रबन्धक/कम्पनी सचिव

३.३ **आमन्त्रितः**

श्री रिजाल एस.एसोसिएट्स चार्टड एकाउन्टेन्ट्स फर्म, बाह्य लेखापरीक्षक — -

श्री कम्पनी रजिष्ट्रारको कार्यालय — श्री देवी प्रसाद सुवेदी

३.४ **शेयरधनी महानुभावहरु :**

स्वयं उपस्थित हुने शेयरधनीको संख्याः १८८

प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः -

जम्मा उपस्थित संख्याः १८८

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित ( शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या ( स्यमं तथा प्रतिनिधि) | जम्मा शेयर संख्या (स्वमं तथा प्रतिनिधि) |
|---|---|---|---|---|---|---|---|
| | | स्वमं | प्रतिनिधि मार्फत | स्वमं | प्रतिनिधि मार्फत | | |
| कूल शेयर संख्या | २,५७,४०,००० | १८८ | - | १,९०,८६,१५३ | - | १८८ | १,९०,८६,१५३ |
| संस्थापक शेयरधनी | २,२५,२२,५०० | १६ | - | १,८९,७७,३४८.५ | - | १६ | १,८९,७७,३४८ |
| सर्बसाधारण शेयरधनी | ३२,१७,५०० | १७२ | - | १,०८,८०५ | - | १७२ | १,०८,८०५ |
| | | | | | | जम्मा प्रतिशत | ७४.१५% |

४. **सभा सम्वन्धी जानकारी :**

कम्पनीको मिति २०८१।०६।१४ गते बसेको संचालक समितिको २०२ औं बैठकले सोह्रौं बार्षिक साधारण सभा बोलाउनको लागि मिति २०८१।०७।२५ तोक्ने निर्णय गरे पश्चात कम्पनी ऐन २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम १८ को व्यवस्था वमोजिम सोहि व्यहोराको सुचना मिति २०८१।०६।१५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा र मिति २०८१।०७।१३ गते आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको, साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनीहरुलाई सुचना पठाईएको व्यहोरा कम्पनी सचिवले सभामा सबैलाई जानकारी गराउनु भयो ।

५ **सभाको विषय सूची :**

**छलफलका विषयहरु :**

क) **सामान्य प्रस्तावहरुः**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत सोह्रौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०८०/८१ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०८०/८१ को मुनाफा समेतबाट चुक्ता पूँजीको ०.५२६ प्रतिशतले हुने रु.६७,७३,६८४ (अक्षरेपि सत्सठ्ठी लाख त्रिहत्तर हजार छ सय चौरासी मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

५) संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिको रिक्त पदमा प्रतिनिधित्व गर्ने एक जना संचालकको नियूक्तीलाई अनुमोदन गर्ने ।

ख) **बिशेष प्रस्तावहरुः**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०८०/८१ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रु. १२,८७,००,००० (अक्षरेपि बाह्र करोड सतासी लाख मात्र) बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२) कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।
(कम्पनीको बोनस शेयर वितरण पश्चात हालको जारी तथा चुक्ता पुँजीलाई बृद्धि गरी रु.१,४१,५७,००,००० (अक्षरेपी एक अर्ब एकचालीस करोड सन्ताउन्न लाख मात्र) पुऱ्याउने र सोहि बमोजिम प्रबन्धपत्र संशोधन गर्ने । )

३) प्रबन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने तथा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट/कार्यलयबाट कुनै फेरबदल /परिमार्जन गर्न वा मिलाउन सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

ग) **विविध**

६ **अध्यक्षको मन्तव्य तथा संचालक समितिको प्रतिवेदन प्रस्तुतिः**

उपस्थीत सम्पुर्ण शेयरधनि, संचालक समितिका पदाधिकारी, विभिन्न नियमनकारी निकायहरु बाट प्रतिनिधित्व गर्नु भएका प्रतिनिधिहरु, पुर्व संचालकहरु एवं प्रवर्धकहरु एवं शुभेच्छुकहरु लाई स्वागत गर्दै, अध्यक्षको मन्तव्य तथा संचालक समितिको तर्फबाट १६ औं वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नुभयो र प्रस्तुत प्रतिवेदन उपर छलफल, सुझाव राख्न सम्पुर्ण शेयर धनिहरुलाई आग्रह गर्नुभयो ।

७ **छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरुः**

कम्पनीको १६ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामावलीः

१. श्री जगनाथ आचार्य

२. श्री सुदिप श्रेष्ठ

३. श्री ब्रमदेव शाक्य

४. श्री इ.बैजु नाथ रौनियार

५. श्री निरुपमा गुप्ता

६. श्री गोविन्द के.सि

७. श्री ईन्द्र कृष्ण श्रेष्ठ

८. श्री इन्द्र प्रसाद लामिछाने

९. श्री नरसिंह लाल चखुं

१०. श्री राम गोपाल मर्हजन :

त्यस्तै, शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ तथा श्री भिम लाल पाण्डेले लिखित सुझाव दिनुभएको थियो ।

८. **शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा एंव सुझावको सारांश:**

सर्वसाधरणलाई आई.पि.ओ जारी गरेको बर्ष बाट बोनस शेयर प्रदान हुदै आएको र समिक्षा वर्षमा समेत शेयरधनिहरु लाई १० प्रतिशत बोनर र कर प्रयोजननार्थ ०.५२६ प्रतिशत नगद लाभांश छुट्टाइएकोमा र समयमानै साधारण सभा गरेकोमा धन्यवाद दिदै छलफल कार्यक्रमका सहभागी शेयरधनी महानुभावहरुले निम्न बमोजिमका जिज्ञासा एंव सुझाव व्यक्त गर्नुभयो ।

- आगामी वर्षहरुमा दशै अगावै साधारण सभा सम्पन्न गरी लाभांश वितरण गर्न सुझाव ।
- यस कम्पनीको सहायक कम्पनी हाथवे स्टक डिलर लिमिटेडले उत्पादन क्षेत्र र ठुलठुला जलासय युक्त जलविद्यूत परियोजनामा लगानि गर्न सुझाव ।
- कम्पनीले सामाजिक उत्तरदायित्व बापत छुट्याएको रकम मध्ये केहि रकम निम्न बर्गका जेहेन्दार विर्धार्थीहरुको पठनपाठनमा सहयोग गर्ने व्यवस्था गर्न सुझाव ।
- कम्पनीको आगामि वर्षको लागि तयार गरिएको लगानी निती तथा रणनीतिहरु के कस्ता छन प्रस्ट पार्न सुझाव ।
- कम्पनीको वार्षिक प्रतिवेदनमा संचालक समितिको एकमुष्ट खर्चमात्र उल्लेख भएकोमा बैठक संख्या पनि उल्लेख गर्न सुझाव ।
- कम्पनीमा कार्यरत कर्मचारीहरुलाई जन्म दिनमा शुभकामना एवं स सानो उपहार प्रदान गर्ने र समय सापेक्ष तालीमको व्यवस्था गरियोस भन्ने सुझाव ।
- कम्पनीले लगानी गरेका सुचिकृत कम्पनीहरुको साधारण शेयरको लगानी घटेको र संथापक शेयरमा लगानी बढ्नुका सम्बन्धमा जिज्ञासा ।
- कम्पनीको सहायक कम्पनी हाथवे स्टक डिलरले कहिले देखि लाभांश वितरण गर्न सक्षम होला भन्ने जिज्ञासा ।

- कम्पनीले लगानी गरेको नेपाल इन्भेष्टमेण्ट मेघा बैंक लिमिटेडका संस्थापक शेयर सम्बन्धमा जिज्ञासा ।
- यस कम्पनीको सहायक कम्पनी हाथवे स्टक डिलर लिमिटेड कस्तो खालको कम्पनी हो र यो पब्लीकमा आउने हो कि होईन भन्ने जिज्ञासा ।

९. **शेयरधनीहरुको जिज्ञासा एंव सुझावहरु उपर अध्यक्षज्यूबाट प्रस्तुत प्रतिउत्तरः**

सर्वप्रथम साधारण सभामा शेयरधनी महानुभावहरु वाट सकृय रुपमा, सौहार्दता पुर्वक आफ्ना विचार सुझावहरु तथा जिज्ञासाहरु राख्नु भएकोमा धन्यवाद छ । यहाँहरुले राख्नु भएका जिज्ञासा, टिप्पणि, सुझावहरुले संचालक समिति, व्यवस्थापन एवं कर्मचारी हरुमा सजगता, र उर्जा प्राप्त भएको छ ।

- शेयर सदस्यहरु बाट हरेक वर्ष साधारण सभा दशै अगावै सम्पन्न गरी लाभांस प्रदान गर्ने सुझावलाई आत्मसाथ गरी कार्यान्वयन गर्न प्रयासरत रहने छौ ।
- गत वर्ष भन्दा समिक्षा वर्षमा कम्पनीले लगानी गरेका सुचिकृत कम्पनीहरुको साधारण शेयरको लगानी घटेको सम्बन्धमा कम्पनीले लगानी गरेको चन्द्रागिरी हिल्स लिमिटेडको शेयरको लकइन पिरियड खुलेको र उक्त शेयर बिक्रि गरेको हुँदा सुचिकृत कम्पनीहरुको साधारण शेयरको लगानी घटेको देखिएको हो ।
- कम्पनीले सक्षम सवल राम्रो प्रतिफल दिन सक्ने कम्पनी छनोट गरी उत्पादन मुलक, पर्यटन, जलविद्युत आदी कम्पनीहरुको संस्थापक शेयरमा लगानी गरेको र भविष्यमा समेत गर्नेछ ।
- हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेडले दोश्रो बजारमा कारोवार गर्न नमिल्ने हुँदा हाथवे स्टक डिलर लि.सहायक कम्पनी स्थापना गरी सो मार्फत दोश्रो बजारमा शेयर कारोवार गर्दै आएको छ । जसको चुक्ता पूँजी हाल रु.८१,४८,८१,२०० रहेको र भविष्यमा १ अर्व ५० करोड पुऱ्याई स्टक डिलरको काम गर्ने कम्पनीमा परिणत गर्ने लक्ष लिएको छ ।
- यस कम्पनीको हालको चुक्ता पूँजी रु.१,२८,७०,००,००० रहेकोमा ३ वर्ष भित्रमा क्रमस रु.२ अर्व चुक्ता पूँजी पुऱ्याउने लक्ष्य लिएको छ ।
- यस कम्पनीलाई जोखिम रहित बनाउन र नयाँ थप लगानी गर्नको लागी लगानी तथा जोखिम व्यवस्थापन समितिहरुले सर्वप्रथम लगानी गर्ने संस्थाको वित्तिय विवरण, कार्यसम्पादन, लाभांस वितरण गर्न सक्ने क्षमताको साथै अन्य परीसुचकहरुको अध्ययन मुल्याङ्कन गरी संचालक समितिमा प्राप्त प्रतिवेदनमा थप छलफल अध्ययन गरेर मात्र लगानी गर्ने निति अख्तीयार गरिएको र गरीनेछ ।
- संचालक समिति, व्यवस्थापन र कर्मचारीहरु लाई समय सापेक्ष तालिम गोष्टीमा सहभागी गराईने छ ।
- समय सापेक्ष शेयरधनीहरुलाई उचित प्रतिफल दिन प्रयासरत रहने छौ ।

अन्यमा सदा झै आगामी दिनमा पनि यहाँ हरु बाट राय, सुझाव, सल्लाह प्राप्त गर्ने अपेक्षा गर्दै कम्पनी लाई अझ सुदृढ, परिणाम मुखी र नाफा मुलक बनाउन प्रयासरत रहने प्रतिवद्धता जाहेर गर्दछौ ।

१०. **सभाको निणर्यहरु :**

क) **सामान्य प्रस्तावहरुः**

१) प्रस्ताव नं. १, संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत सोह्रौं वार्षिक प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्तावलाई सर्वसम्मतिवाट पारित गरियो ।

२) प्रस्ताव नं. २, लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०८१ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व.२०८०/८१ को आयव्यय हिसाव र नगद प्रवाह विवरण , लगायतका वित्तिय विवरणहरु पारीत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

३) प्रस्ताव नं ३, कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने बिषय उपर छलफल हुँदा कम्पनीको संचालक समितिले लेखापरीक्षक श्री Pramod Gyawali & Associates (Chartered Accountant) लाई आ.व. २०८१/८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियूक्ति गर्न सिफारिस गरेको हुँदा संचालक समितिको सिफारिस बमोजिम लेखापरीक्षकको रुपमा Pramod Gyawali & Associates (Chartered Accountant) लाई नियूक्त गर्ने र पारिश्रमिक रु. २,००,००० (दुई लाख मात्र भ्याट सहित) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गऱ्यो ।

४) प्रस्ताव नं ४, संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०८०/८१ को मुनाफा समेतबाट चुक्ता पूँजीको ०.५२६ प्रतिशत (कर प्रयोजनार्थ) नगद लाभांश प्रदान गर्ने निर्णय पारीत गरियोस् भनि राखिएको प्रस्ताव सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो ।

५) प्रस्ताव नं ५, मा संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिको रिक्त पदमा प्रतिनिधित्व गर्ने एक जना संचालकको नियूक्तीलाई अनुमोदन गर्ने विषय उपर छलफल हुँदा संचालक श्री सुरज कुमार श्रेष्ठज्यूले २०८१ बैशाख २१ गते दिनु भएको राजिनामा संचालक समितिको बैठकले स्वीकृत गरी रिक्त रहन आएको सो पदमा संचालक समितिको मिति २०८१।०३।३० गते बसेको १९७ औं बैठकले यस कम्पनीका संस्थापक शेयरधनी का.म.न.पा.वडा नं ०३, काठमाण्डौं बस्ने श्री डा. अम्बिका शर्मा लामिछानेज्यू लाई बाँकी कार्यकालको लागी गरिएको नियूक्तीलाई सर्वसम्मतिले स्वीकृत एंव अनुमोदन गर्ने निर्णय गरियो ।

**ख) बिशेष प्रस्तावहरुः**

१) बिशेष प्रस्ताव नं १, संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व २०८०/८१ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रकम रु. १२,८७,००,००० (अक्षरेपि बाह्र करोड सतासी लाख मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिवाट स्वीकृत भयो ।

२) बिशेष प्रस्ताव नं २, शेयरधनीहरुलाई बोनस शेयर प्रदान गर्ने प्रस्ताव पारित भए संगै कम्पनीको जारी तथा चुक्ता पूँजि बृद्धि हुने भएकोले सोको हदसम्म जारी तथा चुक्ता पूँजि, कायम हुने गरी प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत प्रबन्धपत्रको दफा ६(ख) कम्पनीको जारी पूँजि तथा दफा ६(ग) चुक्ता पूँजि बृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गरकोमा देहाय बमोजिम प्रबन्धपत्र संसोधन वा परिमार्जन गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

(१६ औं वार्षिक साधारण सभा तथा बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि तोकिएको मितिसम्म शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनस शेयर जारी गरी कम्पनीको जारी पूँजि रु.१,४१,५७,००,००० (एक अर्व एकचालीस करोड सन्ताउन्न लाख मात्र) एवं चुक्ता पूँजि रु. १,४१,५७,००,००० (एक अर्व एकचालीस करोड सन्ताउन्न लाख मात्र) कायम गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार कम्पनीको प्रबन्धपत्र संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गर्ने गराउने निर्णय गरियो । )

**देहाय**

**प्रबन्ध -पत्रमा देहाय बमोजिमको थप तथा संशोधन गर्ने :**

**दफा ६ (ख)** कम्पनीको जारी पूँजी रु. १,४१,५७,००,०००।- (एक अर्व एकचालिस करोड सन्ताउन्न लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. ५० का दरले २,८३,१४,००० (दुई करोड त्रियासी लाख चौध हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** कम्पनीको चुक्ता पूँजी रु. १,४१,५७,००,०००।- (एक अर्व एकचालिस करोड सन्ताउन्न लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. ५० का दरले २,८३,१४,००० (दुई करोड त्रियासी लाख चौध हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

३) प्रबन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने तथा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय सम्बन्धी प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय भयो ।

ग) **बिबिध :**

कम्पनीका अध्यक्षज्यूले विविध प्रस्ताव अन्तर्गत छलफलका अन्य विषयहरु नभएको जानकारी गराउनु भयो ।

११. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन:**

यस कम्पनीको १६ औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएका यस कम्पनीका आदरणीय प्रर्वधक महानुभावहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिहरु, नियामक निकायका प्रतिनिधिहरु, शुभेच्छुक लगायत बाह्य लेखापरिक्षक सम्पूर्णमा यस कम्पनीलाई सक्षम सबल र इन्भेष्टमेन्ट कम्पनीहरुका बीचमा एक उत्कृष्ट कम्पनीको रुपमा स्थापित गराउन निरन्तर रुपमा प्राप्त सुझाव सल्लाहको लागि हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं । आउने दिनमा समेत समय सापेक्ष सुझाव सल्लाह, मार्गनिर्देशको अपेक्षा गर्दछौं ।

साथै सुरुवात देखिनै लगनशीलता, ईमान्दारिता पूर्वक संस्थागत सुशासन कायम राखी कर्तब्य निष्ठ भई कार्य गरि राख्नु भएका सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद दिदै आगामी दिनमा समेत समय सापेक्ष राम्रो प्रगति र प्रतिफलका लागि प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्दै सभा बिसर्जन भएको जानकारी गराउदछौं ।

| | |
|---|---|
| सुधा अर्याल | योगेश्वर शर्मा |
| (कम्पनी सचिव) | (अध्यक्ष) |

# हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेडको
## संशोधित प्रबन्धपत्र

संशोधित प्रबन्ध-पत्र

दफा (६) कम्पनीको पूँजीको संरचना :

दफा ६ (ख)

कम्पनीको जारी पूँजी रु. १,४१,५७,००,०००।- (एक अर्व एकचालिस करोड सन्ताउन्न लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. ५० का दरले २,८३,१४,००० (दुई करोड त्रियासी लाख चौध हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग)

कम्पनीको चुक्ता पूँजी रु. १,४१,५७,००,०००।- (एक अर्व एकचालिस करोड सन्ताउन्न लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. ५० का दरले २,८३,१४,००० (दुई करोड त्रियासी लाख चौध हजार मात्र) थान शेयरमा विभाजन गरिएको छ ।